प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद

# मधेश प्रदेश कार्यालय

जनकपुरधाम, धनुषा

## डिप्लोमा तथा प्रमाण पत्र तहको पूर्ण शूल्कीय स्वास्थ्य (सामान्य चिकित्सा, नर्सिङ्ग र फार्मेसी) तर्फको नतिजा प्रकाशन सम्वन्धी अत्यन्त जरुरी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०८०/०५/२४

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०८०/०३/२८ र २०८०/०४/१९ गते शैक्षिक शत्र २०८०/०८१ को लागि गोरखापत्र राष्ट्रिय दैनिक पत्रीकामा प्रकाशित सूचना वमोजिम डिप्लोमा तथा प्रमाण पत्र तहको पूर्ण शूल्कीय स्वास्थ्य (सामान्य चिकित्सा, नर्सिङ्ग र फार्मेसी) तर्फ नयां भर्नाको लागि शिक्षण संस्थाहरुद्धारा अनलाईन फाराम भर्ने मिति २०८०।०४।२६ गतेसम्म तोकिएको समयभित्र ITMS मा प्रबिष्ट गरेका फारामहरु मध्ये योग्य आवेदकहरुलाई प.नि.का.द्धारा निर्धारित मिति २०८०।०५।०९ गते संचालित प्रवेश परीक्षाबाट डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धी निर्देशिका २०८० तथा सूचनामा उल्लेख भए अनुसार बरियताक्रमको आधारमा नतिजा प्रकाशित गरीएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। पूर्ण शूल्कीय तर्फ छनौट भएका मुख्य उम्मेदवारहरुले तोकिएको शिक्षण संस्थामा मिति २०८०/०६/०३ गते सम्म कार्यालय समयभित्र आफ्नो शैक्षिक योग्यताको सक्कल प्रमाण-पत्र, नागरिकता वा जन्मदर्ताको प्रमाण-पत्र, आफू लक्षित वर्ग कोटाको लागि जुन समुहमा छनौट भएको हो सो को सक्कल प्रमाण-पत्रहरु र शिक्षण संस्थाबाट प्राप्त भएको प्रवेश पत्र सहित सिफारिश गरीएको शिक्षण संस्थामा भर्ना भई सक्नु पर्ने छ । सम्वन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका वमोजिम परीक्षार्थीहरुको सक्कल शैक्षिक प्रमाण-पत्रहरु तथा लक्षित वर्गका प्रमाण-पत्रहरु रुजु गरी भर्ना गर्नु गराउनु हुन सूचित गरिन्छ। साथै मुख्य उम्मेदवारहरुको सक्कल प्रमाण-पत्रमा कुनै किसिमको फरक परेमा सो को सम्पूर्ण जवाफदेही शिक्षण संस्था नै हुने व्यहोरा जानकारी गराउनुको साथै तोकिएको समयावधि भित्र भर्ना हुन नआई रिक्त रहेको सिटमा उत्तिर्ण सूचीबाट प.नि.का.ले जारी गरेको निर्देशिका बमोजिम प्रकृया पुरा गरी भर्ना गर्नु/गराउनु हुन समेत जानकारी गराईन्छ । नतिजा हेर्नको लागि परिषद् प्रदेश कार्यालयको website: ctevtp2.org.np तथा परिषद् कार्यालयको website: ctevtexam.org.np मा हेर्नु हुन समेत सबैमा जानकारी गराईन्छ ।

निर्देशक